जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०
# नवीन साप्ताहिक
म.चि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४३ अंक १० २०८१ साल असोज १३ गते आइतवार (29 Sep 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** कारागारकै कर्मचारीबाट बलात्कार ... **पृष्ठ ३ मा :** राजर्षि जनक विश्वविद्यालयको ... **पृष्ठ ४ मा :** लगातारको वर्षाले ५६ ... **पृष्ठ ५ मा :** दहेज प्रथा र बालबिवाह न्युनिकरण ...

# कोशी ब्यारेजमा आवागमनमा रोक, पुलमाथीबाट पानी बग्न सुरु
# पानीको वहाब बढेपछी ५६ वटै ढोका खोलियो



**राजविराज**/सप्तकोशी नदीमा शनिवार यस वर्ष कै पानीको उच्च वहाब भएपछी कोशी ब्यारेजको सबै ५६ वटै ढोका खोलिनुका साथै आवागमनमा समेत रोक लगाइएको छ ।

यता शनिबार साँझै पानीको बहाव बढ्दै गएपछि कोशी ब्यारेजको पुलमाथीबाट पानी बग्न सुरु भएको छ ।

कोशी ब्यारेजको इतिहासमा ५६ वटै ढोका खोलिएको यो पाँचौ पटक हो । यस अघि सन् १९६८, सन् १९८७, वि.स.२०८० साउन ११ र वि.स.२०८० भदौ ८ गते पानीको वहाब उच्च भएपछी सबै ५६ वटै ढोका खोलिएको इतिहास छ ।

पछिल्लो पटक शनिवार साँझ ६ बजे सप्तकोशी नदीमा पानीको बहाब ५ लाख ६० हजार क्युसेक प्रतिसेकेण्ड पुगेपछी जोखिम बढेकाले सबै ढोका खोलिएको कोशी ब्यारेज कन्ट्रोलरुमले जनाएको छ ।

पानीको चाप बढ्दै गएपछी पुल सुरक्षालाई ध्यानमा राख्दै दिउँसो ४ बजेदेखी पुलबाट सवारी आवागमनमा रोक लगाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए ।

यसैबीच भारत बिहार राज्यको पटनास्थित जलसंशाधन विभागले निरन्तरको वर्षाले कोशी नदीमा पानीको वहाब ७ लाख क्युसेक प्रतिसेकेन्ड पुग्ने अनुमान गरिएको भन्दै कोशी नदी आसपासका आफ्ना क्षेत्रका वासिन्दालाई सचेत रहन र सर्तकता अपनाउन प्रेस विज्ञप्ती मार्फत आग्रह गरेको छ ।

विभागका प्रधान सचिव संतोष कुमारद्वारा हस्ताक्षरित विज्ञप्तीमा जोखिमलाई ध्यानमा राखी भारतीय सुरक्षाकर्मी पनि आफनो क्षेत्रमा "हाईएलर्ट" अवस्थामा रहेको उल्लेख छ ।

कोशी ब्यारेजको कुल भारबहन क्षमता ९ लाख क्युसेक प्रतिसेकेण्ड छ । पहाड र मधेश दुबै तीर जारी अबिरल वर्षा संगै सप्तकोशी नदीमा पानीको वहाब उच्च भएको सप्तरी प्रहरीले जनाएको छ । कोशी नदीमा पानीको वहाब उच्च भएपछी खतरा सम्बन्धि संकेत स्वरुप ब्यारेजको पुर्वी कोणमा रातो झण्डा संगै रातो बत्ती बालिएको छ ।

कोशी ब्यारेजमा वर्षाले निम्त्याउन सक्ने जोखिमबारे सुनसरी र सप्तरी दुबै जिल्लाका प्रहरी प्रशासन "हाइएलर्ट" अवस्थामा रहेको छ । सम्भावित जोखिमलाई ध्यानमा राखी आसपासका वासिन्दालाई सर्तकता अपनाउन अनुरोध सहित सुरक्षाका लागी आवश्यक प्रवन्ध मिलाइएको स्थानीय प्रशासनले जनाएको छ ।

यता चार दिन देखि लगातार भइरहेको वर्षाले सप्तकोशी आसपास तथा चारैतीर कोशीको नदीले घेरिएको हनुमाननगर कंकालिनी नगरपालिका १३ गोबरगाढाका वासिन्दामा त्रास फैलिएको छ । यहाँ १ सय २५ परिवारका करिब ४ सय जनाको वसोवास छ । वडा अध्यक्ष कुशेश्वर यादवले वस्तीको पुर्वबाट कोशीको भंगाालेले कटान गर्न थालेको जानकारी दिदै सोही कारण स्थानीयमा त्रास फैलिएको बताए ।

समय मै कटान रोक्ने उपाय नगरिए यहाँका घर/घरमा पानी पस्ने मात्र नभई घर नै बगाउने स्थानीयमा चिन्ता थपिएको उनले सुनाए । नगर प्रमुख विरेन्द्र माझीले गोबरगाढा वस्तीको अवस्थाबारे आफु पुर्ण जानकार र निरन्तर सर्म्पकमा रहेको बताए ।

उनले सप्तकोशीमा बहाव बढदै गए उनीहरुलाई कसरी सुरक्षित र व्यवस्थापन गर्ने यसबारे निरन्तर निगरानीका साथै नगरपालिका संग भएका सबै श्रोत साधन तयारी अवस्थामा राखिएको जानकारी समेत दिएका छन ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : नवीन साप्ताहिक**

# बेपत्ता बालक नालामा मृत अवस्थामा भेटिए

**राजविराज**/शुक्रबार दिउँसो ४ बजेदेखी वेपत्ता बालक शनिबार बिहान नालामा मृत अवस्थामा फेला परेका छन् ।

सप्तरीको बलान विहुल गाउँपालिका ४ मौवहाबेल्ही घर भई हाल राजविराज ८ स्थित पानी टंकी चौकमा वसोवास गर्दै आएकी रेखा साहका ७ वर्षिय छोरा प्रिन्स साह नालामा मृत अवस्थामा भेटिएका हुन् ।

शनिबार विहान जेसिबी लगाई प्रहरी तालिम केन्द्र छेउको नालाको स्ल्याब हटाएर खोजतलाश गर्दा बालकको मृत



शरीर फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता ढुण्डिराज नेउपानेले बताए ।

राजविराजस्थित प्रिमियर बोर्डिङ्ग स्कुलमा कक्षा २ मा अध्ययनरत उनी शुक्रवार दिउसो ४ बजे तीर सम्पर्क विहीन भएको भन्दै आमा रेखाले खोजतलाशका लागी टोलवासी देखी प्रहरी सम्म गुहारेकी थिइन ।

"घर नजिकैको नालामा केही ब्यक्तीहरु माछा मार्दै गरेको छ, हेरेर आउँछु भन्दै- घरबाट निस्केका छोरा साँझ सम्म पनि फर्कर नआउदा खोजतलास शूरु गरेको उनले सुनाईन ।

मृतक बालकको शव पोस्टमार्टमका लागी गजेन्द्र नारायण सिह अस्पताल पठाइ घटनाबारे थप अनुसन्धान

*बाँकी अन्तिम पृष्ठमा*

## रोगबाट बच्ने उपायहरू

- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाह्य जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिशा पिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,

साबुन पानीले मिचिमिचि हात धोऔं, रोगबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### नालामाथी स्ल्याब नराख्दा भएको दुर्घटनाबाट सचेत होऊ

विभिन्न स्थानमा निर्माण भइरहेको ढल तथा नालाहरुको काम भविष्यमा निम्त्याइने दुर्घटनालाई वेवास्ता गरि बनाइदै छ। ढल तथा नाला निर्माण गर्दा निकै गहराई गर्नुका साथै त्यसलाई व्यवस्थित गर्नेतर्फ ध्यान पुग्दैन्। ढल तथा नाला निर्माण भइसकेपछि त्यसलाई छोप्नका लागि स्ल्याबलाई प्राथमिकतामा नराख्दा दुर्घटना निम्तिने गरिन्छ। त्यसको जल्दोबल्दो उदाहरण राजविराज वडा नं. ८ प्रहरी तालिम केन्द्र छेउमा निर्माण भएको नालामा स्ल्याब नराखिदा एक ७ वर्षिय बालकको सोही नालामा डुबेर मृत्यु भएको छ। बालक डुबेको ठाउँमा नालामाथी स्ल्याब नराखिएकोले यस्तो दु:खद घटना भएको हो।

उक्त घटनाले सडक र नाला निर्माण गर्ने कम्पनी र सम्बन्धीत पालिका निकै आलोचित भएका छन्। निर्माणका लागि स्विकृती र साइट खाली गराउने काम स्थानीय पालिका अन्तरगत वडाको हो। तर, निर्माण भइरहँदा रेखदेख र खबरदारी गर्ने काम पनि वडा र त्यहाका वासिन्दाको हुन जान्छ। तर, काम सम्पन्न भएको झण्डै ६ महिना बितिसक्दा पनि सो नालामाथी पूर्ण रुपमा स्ल्याब राखिएको देखिदैन्। वर्षाको समयमा सडकमाथीबाटै पानी बग्नाले मानिसहरु छेउबाट अर्थात नालामाथीबाट हिड्न खोज्दा पानीले नालामाथी स्ल्याब राखेको वा नराखेको देखिदैन्। सोही कारणले दुर्घटना हुनपुग्छ।

नाला छोप्न प्रयोग गरिने स्ल्याब नराखिदा हुने घटनाको जवाफ र जिम्मेवारी कसले लिने ? घटना पश्चात् पनि सबैको यस्ता कार्यप्रति चेतना जागोस्। तसर्थ नाला निर्माण गर्दा अनिवार्य रुपमा त्यसमाथी स्ल्याब राख्न जनदबाब दिनु आवश्यक छ।

## कारागारकै कर्मचारीबाट बलात्कार भएको भन्दै महिला कैदीबन्दीद्वारा जोहरी




**राजविराज**/कारागारकै एक कर्मचारीबाट बलत्कृत भएको भन्दै महिला कैदीबन्दीले प्रहरीमा जाहेरी दिएकी छिन्।

कारागार कार्यालय सप्तरीमा बन्दी जिवन विताएको बेला पीडित भनिएकी महिलाले राजविराज कारागारका कार्यालय सहयोगी चन्दन भनिने चन्द्रनरायण यादवले ८ महिना अघि कारागारको प्रशासनिक कक्ष भित्रै लगेर बलात्कार गरेको भन्दै जाहेरी दिएकी हुन्।

घटना विवरण अनुसार २०८१ भदौ २१ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा दिएको जाहेरीमा राजविराज कारागारमा कैद सजाय भुक्तान गरिरहेका बखत २०८० माघ ५ गते दिउँसो ४ बजेतिर कार्यालय सहयोगी चन्दनले 'जरुरी काम छ' भन्दै कार्यालय कोठाको विजुलीघरमा लगेर बलात्कार गरेको उल्लेख गरेकी छिन्। 'एसिड खन्याएर मारिदिन्छु' भनेपछि आफू डरत्रासका कारण प्रतिवाद गर्न नसकेको उनले जाहेरीमा लेखेकी छिन्।

अहिले सो जाहेरी जिल्ला प्रहरी कार्यालय उदयपुर हुँदै जिल्ला प्रहरी कार्यालय सप्तरी आईपुगेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता ढुण्डिराज नेउपानेले उक्त जाहेरी भदौ ३० गते प्राप्त भएको जानकारी दिदै घट्नाबारे सुक्ष्म अनुसंधान थालिएको बताए।

पीडित भनिएकी महिला २०७६ साउन १६ देखि कर्तब्य ज्यान, ज्यानमार्ने उद्योग र आत्महत्या दुरुत्साहन कसुरमा राजविराज कारागारमा बन्दी जिवन बिताई रहेकी थिईन्। घट्ना भएको भनिएका बेला उनी नाईकेको जिम्मेवारीमा थिईन्।

यता बलात्कारको आरोप लागेका चन्दनले ति महिलाले लगाएको आरोप बिलकुलै असत्य रहेको दावी गरेका छन्। जेलर प्रविण कुमार अधिकारीले आफू दुई महिना अघि सरुवा भई यहाँ आएको र सो घट्नाबारे आफ्नो स्तरबाट पनि बुझ्ने काम गरिरहेको जनाएका छन्।

ती महिला कैदीबन्दी राजविराज कारागारबाट जेल सरुवा भई उदयपुर जिल्ला कारागारमा बाँकी जेल सजाय भुक्तान गरिरहेकी छिन्।

## मन्त्री चौधरीद्वारा छिटोछरितो ढङ्गले जनताको काम गर्न निर्देशन



**राजविराज**/युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले कर्मचारीहरूलाई समयमै आफ्नो कार्यालयमा आएर छिटोछरितो ढङ्गले जनताको काम गर्न निर्देशन दिएका छन्।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा सोमबार जिल्लाका विभिन्न कार्यालय प्रमुखहरूसँगको छलफलका क्रममा मन्त्री चौधरीले यस्तो निर्देशन दिएका हुन्।

उनले कार्यालय समयभित्र आफ्नो भन्दा पनि जनताको कामकाज गरेर दायित्व निभाउन कर्मचारीलाई सुझाव समेत दिए।

एक अर्को प्रसङ्गमा मन्त्री चौधरीले आवश्यक भौतिक पूर्वाधार निर्माणकै क्रममा रहेकाले १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता यसअघि घोषित मितिमा हुन नसक्ने समेत बताए।

कर्णाली प्रदेशमा आयोजना गर्न लागेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी फागुन महिनासम्म सञ्चालन हुने समेत उनले बताए। उक्त प्रतियोगिताको तयारीमा जुट्न मन्त्री चौधरीले खेलाडीहरूलाई आग्रह पनि गरे।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्राती, प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्य, विभिन्न पालिकाका प्रमुख, कर्मचारी लगायतको सहभागिता रहेको थियो।

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजर्षि जनक विश्वविद्यालयको सम्बन्धन विवाद

**अटल सी**




सन् १९९० को दशकपछि उदार अर्थतन्त्र लागु भएसँगै हामीकहाँ शैक्षिक क्षेत्रमा व्यापक निजीकरण सुरु भयो। शिक्षाजस्तो सार्वजनिक सेवालाई निजी क्षेत्रको जिम्मा लगाइँदा शिक्षामा मुनाफाको खेल प्रमुख प्राथमिकतामा पऱ्यो। यो निजीकरणले देशभरि विद्यालय र विश्वविद्यालयको गुणस्तर र पहुँचमा गम्भीर असमानता ल्याएको छ।

विश्व पुँजीवादी व्यवस्थामा प्रयोग गरिएको नवउदारवादी नीतिले शिक्षाजस्तो संवेदनशील विषयलाई खुला व्यापारीकरणको विषय बनायो। शिक्षालाई राज्यको दायित्व र नागरिकहरूको मौलिक अधिकारभन्दा पनि व्यापारको विषय बनाइएको छ।

विश्वविद्यालयहरू कर्मकाण्डी संस्थाजस्ता बनेका छन्। शिक्षालाई मालका रूपमा बजारमा राखिएको छ। यसले विभेद, असमानता, गुणस्तरहीनता सिर्जना गरेको छ। यसको पछिल्लो उदाहरण स्वरूप भर्खरै खुलेको राजर्षि जनक विश्वविद्यालयले २०८१ भदौ १३ गते अस्थायी रूपमा ६० वटा निजी शैक्षिक संस्थालाई सम्बन्धन दिएको छ, जसमा १५ कलेजलाई कानुनमा पाँचवर्षे स्नातक कार्यक्रम (बीएएलएलबी) सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ।

नेपाल कानुन व्यवसायी परिषद्ले २०७७ सालमा स्पष्ट नियमावली जारी गरेको थियो। जसले कानुनी शिक्षा सञ्चालन गर्न चाहने शैक्षिक संस्थाहरूले परिषद्को स्वीकृति अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था गरेको छ। तर, हाल राजर्षि जनक विश्वविद्यालयले परिषद्को नियमावली उल्लङ्घन गर्दै १५ वटा कलेजलाई बीएएलएलबीको सम्बन्धन दिएपछि बहसहरू सतहमा आएका छन्।

यो निर्णयले विद्यार्थीको भविष्यलाई पनि गम्भीर खतरामा पार्ने सम्भावना रहेको छ, तर विश्वविद्यालयको यस्तो अव्यवस्थित र गैरकानुनी निर्णयलाई लिएर राजनीतिक दल र विद्यार्थी संगठन र सरोकारवाला निकायहरू मौनजस्तै देखिन्छन्।

**कानुनी उल्लङ्घन र प्रक्रियागत त्रुटि**

नेपाल कानुन व्यवसायी परिषद्को नियम १७ को उपनियम १ अनुसार कुनै पनि शैक्षिक संस्थाले परिषद्को स्वीकृतिबिना कानुनी शिक्षा सञ्चालन गर्न पाउँदैन। तर राजर्षि जनक विश्वविद्यालयले परिषद्को मापदण्ड र गुणस्तर सुनिश्चित गर्ने प्रक्रियालाई नै बेवास्ता गरेको देखिन्छ।

परिषद्ले यस विषयमा २०८१ भदौ २५ गते स्पष्ट रूपमा सूचनासहित चेतावनी दिएको थियो। उक्त सूचनामा परिषद्का मापदण्ड पूरा नगर्ने शैक्षिक संस्थाका विद्यार्थीले अधिवक्ता परीक्षा दिन नपाउने भनिएको छ। अहिले राजर्षि जनक विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूले भर्ना प्रक्रिया अघि बढाइरहेका छन्, जुन गम्भीर चिन्ताको विषय हो।

सूचनाको हक प्रयोग गरी हामी (अखिल, समाजवादी) ले बीएएलएलबी सञ्चालन गर्ने सम्बन्धमा विभिन्न सूचना उपलब्ध गराउनका लागि अनुरोध गर्दै विश्वविद्यालयसमक्ष सूचना माग गरे पनि विश्वविद्यालयले सोबारे केही प्रतिक्रिया दिएको छैन।

**विद्यार्थीको भविष्यको अन्योल**

खुला विश्वविद्यालयले पनि यसअघि परिषद्को मापदण्डको उल्लङ्घन गर्दै कानुनी शिक्षा सञ्चालन गरेको थियो। जसको परिणामस्वरूप त्यहाँका विद्यार्थी अधिवक्ता बन्नबाट वञ्चित भएका थिए। यो दुःखद इतिहास दोहोरिन नदिन राजर्षि जनक विश्वविद्यालयका विद्यार्थीले पनि तत्काल जानकारी पाउन आवश्यक छ। यदि उनीहरूले सम्बन्धित कलेजमा भर्ना लिए भने भविष्यमा अधिवक्ता बन्न नपाउने निश्चित छ। जसले उनीहरूको पेसागत जीवनलाई गम्भीर रूपमा प्रभावित गर्न सक्छ।

विगतमा पनि कानुनी शिक्षा प्राप्त गरेपछि परीक्षामा सहभागी हुन नपाउँदा विद्यार्थीले धेरै संघर्ष गरेका थिए। यस्ता घटना फेरि नदोहोरिनका लागि विद्यार्थी स्वयं सचेत रहन आवश्यक छ, तर सम्बन्धन प्राप्त गरेका कलेजले विद्यार्थीको भविष्यभन्दा पैसाको चिन्ताले होला भर्ना प्रक्रिया तीव्र बनाइरहेका छन्।

विश्वविद्यालयले कानुनी शिक्षा सञ्चालन गर्ने प्रक्रिया नै बेवास्ता गर्दा पनि सरोकारवाला निकायले कुनै प्रतिक्रिया नदेखाउँदा विद्यार्थी अन्योलमा छन्। केही वर्षअगाडि कृषि तथा वन विज्ञान विश्वविद्यालयमा निजी कलेजलाई सम्बन्धन दिने निर्णयविरुद्ध विद्यार्थी आन्दोलनमा उत्रिए। आन्दोलनले ठुलो स्वरूप लियो। यहाँ भने राजनीतिक दल र विद्यार्थी संगठन मौन छन्।

**समाधानका उपाय**

राजर्षि जनक विश्वविद्यालयले निजी कलेजलाई सम्बन्धन दिनुभन्दा आफ्ना आङ्गिक क्याम्पसलाई सुदृढ बनाउन प्राथमिकता दिनुपर्छ। विश्वविद्यालयहरू निजीलाई टिकट बेच्ने थलोजस्तो बन्नु हुँदैन। अहिले भएका आङ्गिक क्याम्पस, केन्द्रीय क्याम्पस र गौशाला इन्जिनियरिङ क्याम्पस पनि

*बाँकी चार पृष्ठमा*

**बाढी/पहिरोबाट सतर्क रहौं।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**रुपनी गाउँपालिका, सप्तरी**

**बाढी/पहिरोबाट सतर्क रहौं।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**तिरहुत गाउँपालिका, सप्तरी**

**बाढी/पहिरोबाट सतर्क रहौं।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**राजगढ गाउँपालिका, सप्तरी**

# लगातारको वर्षाले ५६ जिल्ला जोखिममा

**राजविराज**/बिहीबारदेखि देशभरै भइरहेको वर्षाका कारण मधेश प्रदेशका सप्तरी, सिरहा र पर्सासहित ५६ जिल्ला उच्च जोखिममा परेको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार विभिन्न ५३ जिल्लालाई रेड जोनमा रहेको छ । ती जिल्ला उच्च जोखिममा रहेको भन्दै विभागले विशेष सावधानी अपनाउन अनुरोध गरेको छ ।

महाशाखाका अनुसार मधेश प्रदेशका सप्तरी, सिरहा र पर्सा उच्च जोखिममा रहेका छन् । यता सप्तरीको विभिन्न नदी, खोला, नहरहरुमा पानीको बहाव उच्च हुने सम्भावना रहेकोले त्यस भेगका वासिन्दाहरुलाई सतर्कता अपनाउन आग्रह गरिएको छ ।

जिल्लाको खाँडो नदी, त्रियुगा नदी, कोशी नदी, जिता खोला, बलान नदी, महुली खोला, खडक खोला लगायतमा जलसतह बढ्न सक्ने सम्भावना रहेकोमा ती क्षेत्रका वासिन्दालाई आवश्यक सतर्कता अपनाउन स्थानीय प्रशासनले आग्रह समेत गरेको हो ।

यस्तै कोशी प्रदेशका झापा, सुनसरी, धनकुटा, तेह्रथुम, खोटाङ, ओखलढुङ्गा, उदयपुर, भोजपुर, इलाम, पाँचथर, मोरङलाई उच्च जोखिममा राखिएको छ ।

यस्तै बागमतीका मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप उच्च जोखिममा छन् । गण्डकी प्रदेशको म्याग्दी, बागलुङ, तनहुँ, स्याङ्जा, नवलपरासी पूर्व, कास्की, पर्वत, लमजुङ, गोरखा र मनाङ जिल्ला जोखिममा छन् ।

यस्तै लुम्बिनीका जाजरकोट, रुकुमपश्चिम, दैलेख, सुर्खेत, सल्यान तथा सुदुरपश्चिमको डोटी, कैलाली र अछाम जिल्ला उच्च जोखिममा रहेको जनाइएको छ ।

यस्तै असोज ११ गते (शुक्रबार)देखि देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र कोशी प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, सुदुरपश्चिम प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानमा तथा मधेस प्रदेशका थोरै मेघ गर्जन/चट्याङ्गसहित भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाइएको छ ।

असोज १२ गते (शनिबार) देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशका अधिकांश स्थानहरू हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र बागमती प्रदेशका, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानहरू र बाँकी प्रदेशका थोरै स्थानहरूमा मेघ गर्जन/चट्याङ सहित भारीदेखि धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ । साथै देशका लुम्बिनी प्रदेश, गण्डकी प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानहरूमा हावाहुरीको समेत सम्भावना रहेको महाशाखाले जानकारी दिएको छ ।

असोज १३ गते (आइतबार) देशभर आंशिकदेखि साधारणतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित भारी वर्षाको सम्भावना रहेको जनाइएको छ ।

# जनमत पार्टीले पाँच केन्द्रीय नेतासहित ९ सदस्यलाई स्पष्टीकरण सोध्यो

**राजविराज**/जनमत पार्टीले पाँच केन्द्रीय नेतासहित ९ सदस्यलाई सातदिने स्पष्टीकरण सोधेको छ ।

गत असोज ५ गते जिल्ला समन्वय समिति, जलेश्वर, महोत्तरीको हलमा भएको प्रशिक्षण तथा शुभकामना आदान प्रदान कार्यक्रम बिथोल्न खोजेको भन्दै उनीहरूलाई स्पष्टीकरण सोधिएको जनमतले बताएको छ ।

केन्द्रीय सदस्य दिपेन्द्र मधेसी, कोमल यादव, इन्द्रप्रसाद सिंह, सुरेश ठाकुरलाई स्पष्टीकरण सोधिएको छ ।

त्यस्तै जलेश्वर नगरपालिका समितिका सचिव सञ्जित यादव, सन्तोषकुमार मण्डल, रामजीवन साह र सिहेश्वर मण्डललाई पनि स्पष्टीकरण सोधिएको छ ।

'हो हल्ला गरी कार्यक्रम बिथोल्नु गरेको, गुटबन्दी तथा भाँडभैलो गरेको साथै पार्टीको अहित हुने कार्यमा संलग्न भएको देखिएको हुँदा जनमत पार्टीको विधानको धारा ३९ (क) को उपधारा १, २, ३, ४, ५, ६, १०, ११ आकर्षित हुने हुँदा तपाईंहरूलाई सधारण सदस्य समेत नरहने गरी किन कारबाही नहुनुपर्ने हो ७ दिनभित्र लिखित स्पष्टीकरण दिनुहुन अनुरोध छ,' जनमतले सार्वजनिक सूचना जारी गर्दै भनेको छ ।

यस्तै केन्द्रीय कार्यकारिणी सदस्य सञ्जयकुमार यादवलाई पनि सात दिने स्पष्टीकरण सोधिएको छ । उनैको इशारामा जलेश्वरको प्रशिक्षण कार्यक्रम बिथोल्न खोजिएको जनमतले आरोप लगाएको छ ।

# जसपा नेपालको १७ विभाग गठन



**राजविराज**/जनता समाजवादी पार्टी नेपालले १७ वटा विभाग गठन गरेको छ । असोज २, ३ र ४ गते पार्टी केन्द्रीय कार्यकारिणी समिति बैठकले विभागलाई पूर्णता दिएको हो ।

आर्थिक विभाग प्रमुख बलराम महतो तोकिएका छन् । विद्यार्थी तथा खेलकुद विभाग प्रमुख विदेश्वरप्रसाद यादव तोकिएका छन् । प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्णबहादुर बस्नेत तोकिएका छन् । उनी यसअघि पनि सोही विभागमा थिए ।

यस्तै सूचना, सञ्चार, विज्ञान तथा प्रविधि विभाग प्रमुख जितेन्द्रकुमार यादव बनेका छन् । अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुख अर्जुन थापा बनेका छन् ।

संगठन विभाग, सामाजिक सेवा तथा गैर-सरकारी संस्था विभाग, पार्टी स्कूल तथा प्रशिक्षण विभाग, कृषि तथा भूमि व्यवस्था विभाग, वातावरण तथा विपद् व्यवस्थापन विभाग, कानून विभाग, शिक्षा विभाग, स्वास्थ्य तथा जनसङ्ख्या विभाग, बौद्धिक पेशाकर्मी तथा ट्रेड युनियन विभाग, महिला विभाग, उद्योग, वाणिज्य तथा आपूर्ति विभागमा भने सदस्य मात्रै तोकिएका छन् । प्रमुखहरू तोकिन बाँकी छ ।

## *राजर्षि जनक ...*

त्यति व्यवस्थित भएका छैनन् । धेरै विभागमा विभागीय प्रमुखहरूको नै नियुक्ति भएका छैनन् । यस्तो अवस्थामा दुईवटा कोठामा मात्र चल्ने निजी कलेजलाई सम्बन्धनका लागि प्राथमिकता दिनु शिक्षाको स्तर कस्तो बनाउने भन्ने प्रश्न जन्माउँछ साथै आर्थिक चलखेलको शंका जन्माउँछ ।

अर्को, विश्वविद्यालयले कानुनी प्रक्रिया पुरा गर्नुपर्छ । परिषद्को नियम १७ कै उपनियम ४ ले उपनियम ३ बमोजिम निवेदन प्राप्त भएको मितिले तीन महिनाभित्र परिषद्ले निरीक्षण गरी स्वीकृति दिने नदिने निर्णय गरिसक्नुपर्ने भनिएको छ । विश्वविद्यालयका उपकुलपतिका अनुसार विश्वविद्यालयले परिषद्मा निवेदन नै दिएको छैन । यसरी हेर्दा उपकुलपति यादवको यो गम्भीर त्रुटि हो । उनी आफ्नो फाइदा र निजी कलेजहरूलाई पोस्नका लागि विद्यार्थीलाई प्रयोग गर्न लागिरहेका छन् ।

परिषद्को नियमावली विपरीत राजर्षि जनक विश्वविद्यालयद्वारा बीएएलएलबी कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गरिएको सम्बन्धमा हामीले अख्तियारमा उजुरी दिएका छौं भने मधेस प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई ज्ञापनपत्र बुझाइसकेका छौं । हामी कानुनी संघर्षको तयारीमा छौं । विश्वविद्यालयका उपकुलपति अमर प्रसाद यादव भने फोन अफ गर्ने, विरोध गर्नेहरूको फोन नम्बर 'ब्लक लिस्ट'मा हाल्ने लगायत कार्य गरेर यो कार्यबाट उम्कन खोजिरहेका छन् ।

यो विषय केवल जनकपुर वा मधेसको मात्र होइन, यसलाई राष्ट्रिय मुद्दा बनाउनुपर्छ । हजारौं विद्यार्थीको भविष्यसँग जोडिएकाले विद्यार्थी संगठन र सरोकारवाला निकायले कानुनी र राजनीतिक पहल लिनुपर्छ, ताकि निजीकरण विरुद्धको संघर्षलाई स्थापित गर्दै शैक्षिक गुणस्तरको रक्षा गर्न सकियोस् । (लेखक अखिल (समाजवादी) का केन्द्रीय सचिव हुन् ।)

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानुनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसुरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउन्पर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# दहेज प्रथा र बालबिवाह न्युनिकरण गर्नुपर्नेमा मन्त्री सुडीको जोड

**राजविराज**/महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साह सुडीले मधेसका जिल्लाहरुमा दहेज प्रथा र बालबिवाहको घटनाहरु भइरहेकोले त्यसलाई न्युनिकरण गर्नुपर्नेमा जोड दिएका छन् ।

सेभ द चिल्ड्रेन, सबल नेपाको समन्वयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा राष्ट्रिय बाल अधिकार परिषद्ले मंगलबार राजविराजमा आयोजना गरेको बालविवाह, उमेर नपुगी हुने विवाह तथा जबरजस्ती हुने विवाह रोकथामका लागि बालसंरक्षण संयन्त्रहरु, स्थानीय सरकार र बिभिन्न सरोकारवाला निकाय तथा संघसंस्थाहरुको भूमिकाबारे अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री साहले जोड दिएका हुन् ।

"बाल बिवाहले बाल मृत्युदर बढी हुन्छ र यसले कम उमेरमा बच्चा जनमाएमा पनि महिलाहरुलाई स्वास्थ्यमा समेत असर गर्नेगर्छ" मन्त्री साहले भने, "शारीरिक, मानसिक तवरले पनि समस्या हुने गरेकोले त्यसलाई नियन्त्रण गर्नुपर्छ ।"



यस्तै मधेसमा भइरहेको दाइजो प्रथाका कारण अधिकांस परिवार पीडित भइरहेको भन्दै दाइजोमुक्त समाज निर्माण गर्ने तर्फ सबै मिली लाग्नु पर्ने जिकिर गरे । उनले बालविवाहले महिलाहरुको मृत्युदर बढ्ने देखिएकाले नेपालको कानुन अनुसार उमेर पुगेपछि मात्र बिवाह गनुपर्नेमा जोड दिदै छोरीहरुलाई छोरा सरह शिक्षा दिक्षा दिन अभिभावकहरुलाई आग्रह समेत गरे ।

राष्ट्रिय बाल अधिकार परिषदका उपाध्यक्ष बम बहादुर बाँनियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समितिका सभापति शिवनारायण साह, जिल्लाका स्थानिय तहका जनप्रतिनिधि, बिभिन्न कार्यालयका कर्मचारी, नागरिक समाज, बुद्धिजिवि, बिभिन्न बालक्लबका बालबालिका तथा पत्रकारहरुको उपस्थित रहेको थियो ।

# स्वास्थ्य शिविरबाट एक हजार भन्दा बढी बिरामी लाभान्वित

**राजविराज**/नोवेल मेडिकल टिचिङ अस्पताल विराटनगर र केएमसी टिचिङ अस्पताल काठमाडौंको प्राविधिक सहयोगमा संचालित स्वास्थ्य शिविरमा एक हजार भन्दा बढी विरामीले निशुल्क सेवा प्राप्त गरेका छन् ।

नेपाली कांग्रेस ३ नं क्षेत्रिय समिति र नेविसंघ सप्तरीको संयुक्त आयोजना सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ मा सोमबार संचालिते उक्त एकदिने निशुल्क स्वास्थ्य शिविरबाट एक हजार सात जना विरामी लाभान्वित भएका हुन् ।

शिविरको प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवले उद्घाटन गर्दै स्वास्थ्यको सुचाङ्कमा सप्तरी निकै पछाडी रहेकोले यस्ता स्वास्थ्य शिविरले गरिवी र विपन्नताका कारण स्वास्थ्य सेवा नपाई समस्यामा रहेकाहरुलाई निकै राहत पुऱ्याउने विश्वास समेत व्यक्त गरे ।

सप्तरीको क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित उनले क्षेत्रको विकासका लागि आफूले विभिन्न खाका तयार पारी अगाडी बढेको र बर्षौदेखि अलपत्र परेको महत्वपूर्ण योजनाहरु क्रमिक रुपमा कार्यान्वयनमा आउन थालेको बताए ।

शिविरमा मुटु रोग, नाक कान घाँटी रोग, छाला रोग, स्त्री रोग, बाल रोग, हाडजोर्नी रोग र आँखा सम्बन्धि रोगको निशुल्क उपचार सेवा प्रदान गरिएको शिविरका आयोजक कांग्रेस क्षेत्र नम्बर ३ का सभापति भुपेन्द्र नारायण यादवले बताए ।

सांसद एवं बरिष्ठ डा. सुनिल शर्मा सहित एक दर्जन भन्दा बढी विशेषज्ञ चिकित्सकहरुको टोलीले स्वास्थ्य सेवा प्रदान गरेका थिए ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**छिन्नमस्ता गाउँपालिका, सप्तरी**



## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**बलान बिहुल गाउँपालिका, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

### बेरुतस्थित हेजबुल्लाहको केन्द्रीय मुख्यालयमा इजरायली आक्रमण

**इजरायल**/इजरायलले शुक्रबार बेरुतको दहिहमा अवस्थित हेजबुल्लाहको केन्द्रीय मुख्यालयमा लक्षित गरी आक्रमण गरेको छ । सामाजिक सञ्जाल एक्समार्फत इजरायली रक्षा बल (आईडिएफ)ले घटनाको पुष्टि गरेको छ ।

आइडिएफका प्रवक्ता रियर एडमिरल डेनियल हागारीले हेजबुल्लाहको आक्रमणको बारेमा जानकारी दिँदै इजरायली रक्षा बलले मुख्यालय बेरुतको दहिहको उक्त स्थानमा नियम विपरीत निर्माण गरिएको उल्लेख गर्नुभएको छ ।

हागारीले हेजबुल्लाहको आतङ्कवादबाट आफ्ना नागरिकको रक्षा गर्ने इजरायली दृढतालाई दोहोऱ्याउँदै लेबनानी जनतालाई प्रयोग गर्ने हेजबुल्लाहको रणनीतिको हिस्साको रुपमा गत अक्टोबरमा आक्रमण गरेको बताउनुभएको छ ।

हेजबुल्लाहले इजरायलमा आक्रमण गरेको लगभग एक वर्षपछि इजरायलले विश्वलाई चेतावनी दिँदै हेजबुल्लाहलाई रोक्नुपर्ने जनाएको छ । बेरुतमा भएको विस्फोट हेजबुल्लाहका नेता हसन नसरुल्लाहलाई लक्षित गरी गरिएको सिएनएनले रिपोर्ट गरेको छ ।

एकजना वरिष्ठ इजरायली अधिकारीले नसरुल्लाहलाई लक्षित गरी गरिएको आक्रमण गाजामा हमासका नेता मोहम्मद देइफको निधन भएको अपरेसनसँग मेल खाने खालको रहेको बताउनुभएको छ । साथै, लेबनानको स्वास्थ्य मन्त्रालयले बेरुतमा भएको इजरायली हमलामा दुई जनाको ज्यान जानुका साथै दर्जनौं घाइते भएको जनाएको छ । इजरायलले लेबनानमा हेजबुल्लाहलाई खतराको सामना गर्न बाध्य पारेको छ भने इरान समर्थित समूहले उत्तरी इजरायलमा बारम्बार आक्रमण गरिरहेको छ ।

द्वन्द्व बढ्दै जाँदा, विश्वका प्रमुख देशहरुले युद्धविराम र बन्धक सम्झौताको आह्वान गरिहेका छन् । एजेन्सी

### विश्वका शीर्ष कूटनीतिज्ञले नेतान्याहुलाई 'रोक्न' असफल भएकोमा ईयुद्वारा खेद प्रकट

**संयुक्त राष्ट्रसङ्घ**/युरोपेली सङ्घ(ईयु)का विदेश मामिला प्रमुख जोसेप बोरेलले शुक्रबार संयुक्त राज्य अमेरिकासहित कुनै पनि शक्तिले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई"रोक्न" नसकेकोमा खेद प्रकट गर्नुभएको छ ।

साथै इजरायल गाजा र लेबनानमा उग्रवादीहरूलाई दमन गर्न कटिबद्ध रहेको उहाँले बताउनुभयो । "हामीले युद्धविरामका लागि सबै कूटनीतिक पहल जारी गर्यौं तर गाजामा वा वेस्ट ब्याङ्कमा कसैले पनि नेतान्याहुलाई रोक्न सक्षम भएको देखिँदैन", बोरेलले संयुक्त राष्ट्र महासभामा भाग लिने क्रममा सञ्चारकर्मीलाई भन्नुभयो ।

इजरायलले हेजबुल्लाहविरुद्ध आक्रमण बढाउँदै गर्दा सयौंको ज्यान गएको छ र दुईपक्षबीचको बढ्दो द्वन्द्वलाई रोक्न बोरेलले लेबनानमा २१ दिने युद्धविरामका लागिफ्रान्स र संयुक्त राज्य अमेरिकाको पहललाई समर्थन गर्नुभएको छ ।

नेतान्याहुले स्पष्ट रुपमा इजरायलीहरू "हेजबुल्लाह नष्ट नभएसम्म नरोकिने बताउनुभएको छ", बोरेलले भन्नुभयो । "यदि नष्टको अर्थ युक्रेनको हमाससँगको द्वन्द्वसँग मिल्छ भने हामी लामो युद्धका लागि जाँदैछौं", बोरेलले बताउनुभयो ।

ईयुका विदेश मामिला प्रमुखले फेरि संयुक्त राज्य अमेरिकाबाट कूटनीति विविधीकरण गर्नआह्वान गर्नुभयो जसले गाजामा बन्धकहरूको रिहाइ समावेश गर्ने युद्धविराम सम्झौतालाई कार्यान्वयनमा पुर्याउन महिनौंसम्म असफल प्रयास गरेको छ ।

"हामी अमेरिकामा मात्र भर पर्न सक्दैनौं । अमेरिकाको धेरै पटकको प्रयास असफल भएकोछ", उहाँले भन्नुभयो । नेतान्याहुले शुक्रबार संयुक्त राष्ट्रमा एक अवज्ञापूर्ण भाषणमा हेजबुल्लाह विरुद्धको इजरायलको उद्देश्य पुरा गर्ने प्रतिज्ञा व्यक्त गर्नुभएको छ । एजेन्सी

### युक्रेनी अस्पतालमा भएको रूसी हमलामा ६ जनाको मृत्यु

**युक्रेन**/युक्रेनको सीमावर्ती शहर सुमीको अस्पतालमा शनिबार भएको रूसी हमलामा कम्तीमा छ जनाको मृत्यु भएको आन्तरिक मामिला मन्त्रीले बताउनुभएको छ । सुमी रुसको कुर्स्क क्षेत्रको सिमानाको छेउमा अवस्थित छ, जहाँ किभले गत अगस्ट मा रूसमा "बफर जोन" सिर्जना गर्ने उद्देश्यले आक्रमण सुरु गरेको थियो ।

युक्रेनका आन्तरिक मामिलामन्त्री इगोर क्लिमेन्कोले टेलिग्राम मार्फत सुमीका अस्पतालमा रूसले दुई पटक आक्रमण गर्दा आलसम्म एकजना प्रहरीसहित छ जनाको मृत्यु भएको उल्लेख गर्नु भएको छ ।

पहिलो आक्रमणमा "एक जनाको ज्यान जानुका साथै अस्पतालको संरचनामा क्षति पुर्याएकाले बिरामी तथा कर्मचारीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न थालेको क्लिमिनलले जनाएको छ ।

बिरामीहरूलाई स्थानान्तरण गर्ने क्रममा भएको दोस्रो प्रहारले एक जना प्रहरी घाइते भएको जनाइएको छ । सुमीको क्षेत्रीय प्रशासनले टेलिग्राम मार्फत दुवै आक्रमणमा ड्रोनहरू समावेश भएको जनाएको छ । दोस्रो रूसी आक्रमणले आवासीय क्षेत्रमा प्रहार गरेको जनाइएको छ । एजेन्सी

# सन्तानको लामो आयुको कामना गर्दै जितिया ब्रतमा बसेकी आमो बिजोग

**राजविराज**/सन्तानको दिर्घायुको कामना साथ जितिया पर्वमा ब्रत बसेकी एक महिलाको ६ वर्षिय छोरा सोही दिन पोखरीमा डुबेर ज्यान गुमाएपछि सप्तरीको तरही र पंसेरा टोल यतिबेला शोकमा डुबेको छ ।

जिल्लाको खडक नगरपालिका ४ पंसेरा टोल निवासी २८ वर्षिया मनिषा कुमारी चौधरी जितिया पर्व मनाउन माइती छिमेकी गाउँ डाक्नेश्वरी नगरपालिका ५ तरही आएको बेला ६ वर्षिय छोरा जेम्सको पोखरीमा डुबेर मृत्यु हुँदा दुबै टोल शोकमा डुबेको हो ।

सन्तानको लामो आयुका लागि मनिषा जितिया पर्वको उपवास बसेको बेला मंगलबार साँझ ५ बजेतिर उनका छोरा जेम्सको पोखरीमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकका हजुरबुवा रामकुमारका अनुसार जितिया पर्व यसपल्ट माइतमै मनाउने भनेर मनिषा र ज्वाई सुरेन्द्र नातीसहित अघिल्लो दिन तरही टोल आइपुगेका थिए ।

उपवास बसेकै बेला टोलका केही बालबालिका चिच्याउँदै "जेम्स खुट्टा चिप्लिएर पोखरीमा डुब्यो" भन्दै आएपछि घरमा एकाएक माहौल बदलियो । सबै पोखरी तिर दौडिए । घर नजिकै रहेको पोखरीबाट आधी घण्टाको प्रयासपछि स्थानीयवासी र प्रहरीको सहयोगमा बालक जेम्सको मृत शरीर बाहिर निकालिएको थियो ।

मृतक बालकको शव बुधबार गजेन्द्र नारायण सिंह अस्पतालमा पोष्टमार्टमपछि आफन्तलाई जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । जितिया पर्वकै दिन भएको दुःखद घटनाका कारण दुबै टोलमा चुलो नबलेको स्थानीयले बताएका छन् ।

### *बेपत्ता बालक ...*

भईरहेको प्रहरीले जनाएको छ ।

बालक डुबेको ठाउँमा नालामाथी स्ल्याब नराखिएको कारण यस्तो दुःखद घटना भएको स्थानीयको भनाई छ । केही दिन यता भइरहेको लगातारको वर्षाले नदी खोला संगै नगरका नालाहरु भरिभराउ छ । नालामाथीवाट समेत बर्षाको पानी बगिरहेको छ ।

यस्तो अवस्थामा पनि नाला छोप्न प्रयोग गरिने स्ल्याब नराखिदा यस्तो घटना भएको भन्दै स्थानीयले यसको छानबीन र दोषीमाथी कारवाहीको माग समेत गरेका छन ।

# कोशीमा खसेको बसका सबै यात्रुहरुको सकुशल उद्दार

**राजविराज**/बिराटनगरबाट गाइघाटतर्फ जाँदै गरेको नरसिंह डिलक्स नाम गरेको को.१ख. ४६०१ नम्बरको यात्रुबाहक बस कोशी नदीमा खसेको छ ।

बिहीबार साँझ उक्त बस कोशी ब्यारेजको ढोका नं. ३४-३६ को नजिकैबाट नदीमा खसेको हो ।

बसमा १७ जना यात्रु सवार रहेको जनाइएको छ । सबै यात्रुलाई स्थानीयले सकुशल उद्दार गरेका छन् ।

नदीमा पानीको वहाव कम रहेको तथा ब्यारेजमा साँझपख स्थानीयहरुको बाक्लो उपस्थिती रहेको कारणले सबै यात्रुको सकुशल उद्दार भएको जनाइएको छ ।

यता स्थानीयका अनुसार बिहानैदेखी भइरहेको वर्षाका कारण अनियन्त्रित भइ बस नदीमा खस्न गएको हुन सक्ने जनाएका छन् ।

# सर्पको टोकाईबाट युवकको मृत्यु

**राजविराज**/सप्तरीको बोदेबर्साईनमा बिषालु सर्पको टोकाईबाट एक युवकको मृत्यु भएको छ ।

सप्तरीको बोदेबर्साईन नगरपालिका ५ भाटिन बस्ने १८ वर्षीय मोहम्मद इमरानलाई सोमबार विषालु सर्पले टोक्दा मृत्यु भएको इलाका प्रहरी कार्यालय बोदेवरसाइनले जनाएको छ ।

धान खेतमा मोटरबाट पानी हाल्ने क्रममा उनलाई सर्पले खुट्टामा टोकेको थियो । सर्पको टोकाइबाट सिकित्स भएका उनलाई सर्पदंश उपचार केन्द्र, कल्याणपुरमा लगिएकोमा उपचारकै क्रममा मृत्यु भएको जनाइएको छ ।

# तिलाठी कोइलाडीको पाँच सयभन्दा बढी घर डुबानमा



**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका पाँच सयभन्दा बढी घर डुबानमा परेको छ ।

लगातार तीन दिनदेखी भइरहेको वर्षाका कारण पालिकाको वडा नं. ३ सकरपुरामा ७५, वडा नम्वर ४ कोईलाडीको चट्टीटोल मुखियाटोल मुसहर वस्ती राम टोलमा गरी २०० घर डुबानमा परेको पालिकाको विपद व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिएका छन् ।

यस्तै, वडा नं. ५ को राम/खंग टोलमा ५० घर, साह पण्डित टोलमा ३०, बनरझुलामा २०, कुशहामा ३५, टिकुलियामा ३०, दास टोलमा ३० घर डुबानमा परेको छ भने वडा नं. ७ को नवटोलिया मा २५ घर डुबानमा परेको झाले बताए ।

यसैबीच वडा नं. ७ को सरदार टोलका बाढी प्रभावित परिवारलाई गाउँपालिकाको कार्यालयले भुजा, भुजिया, नुन, चाउचाउ र खाने तेल राहत स्वरुप वितरण गरेको छ ।

निरन्तरको वर्षाले घर डुबानमा परेपछि पालिकाका अध्यक्ष अरुण कुमार मण्डल वडा नं. ४ का अध्यक्ष मुनिलाल मुखिया ५ का अध्यक्ष ललन प्रसाद राउत ७ का अध्यक्ष हरि नारायण मण्डलसहितको टोलीले शनिवार विहानदेखि वडाहरुमा स्थलगत अवलोकन निरीक्षण गरेको विपद् व्यवस्थापन अधिकृत झाले बताए ।

# विकासलाई गति दिन संविधान संशोधन आवश्यक

**मोरङ**/भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले विकासलाई गति दिन संविधान संशोधन आवश्यक रहेको बताएका छन् ।

विराटनगरमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उनले मुलुकको विकास निर्माण द्रुत गतिले अगाडि बढाउनका लागि निर्वाचन प्रणालीका बाधा अड्चन हटाउन संविधान संशोधन गर्न लागिएको प्रष्ट पारे ।

उनले निर्वाचन प्रणाली सुधार गर्ने सन्दर्भमा महिला, विभिन्न जातजातिको प्रतिनिधित्व स्थानीय रुपमा निर्वाचित गरेर ल्याउने, समानुपातिक व्यवस्था व्यवस्थित गर्ने सम्बन्धमा दलहरुबीच छलफल भइरहेको जानकारी समेत दिए ।

मन्त्री दाहालले संविधान संशोधनबाट जनताले पाइरहेको अधिकार कुनै हालतमा नखोसिने दाबी पनि गरे ।



अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*